# भूमिगत यात्राका अविस्मरणीय पल



नरेन्द्रराज (हरि) पोखरेल
केन्द्रीय सल्लाहकार परिषद् सदस्य

## आश्रयस्थल निर्माण

म १३ वर्षको उमेरदेखि नै कम्युनिस्ट राजनीतिबाट प्रभावित भएको थिएँ। मेरो पिताजी पनि कम्युनिस्ट विचारमा आबद्ध हुनुहुन्थ्यो, त्यही प्रभाव ममाथि परेको थियो। तत्कालीन विद्यार्थी राजनीतिमा अखिलको गतिविधिमा सक्रिय रहँदै आएको थिएँ। आफ्नै गाउँमा भएको अखिलको पहिलो जिल्ला सम्मेलन सफल पार्न २०२७ सालमा सक्रियतापूर्वक लागेको थिएँ। गाउँका सामन्तवाद विरोधी आन्दोलनमा सक्रिय थिएँ। त्यसैले गाउँको स्कुल छोड्नुपर्‍यो। जनकपुरमा गई पढ्न थालियो। एसएलसी उत्तीर्ण भएर कलेज पढ्न थालेपछि राजनीतिमा झन् बढी सक्रिय हुन सुरु गरेँ। त्यही क्रममा झापा आन्दोलनका साथीहरूसँग भेट हुन थाल्यो। मुकुन्द, न्यौपाने, सीपी मैनाली, झलनाथ खनाल, माधव नेपाल, गोविन्द न्यौपाने गाउँमा आउन थाल्नुभयो। हाम्रो नेता हुनुहुन्थ्यो– मणिलाल राई, हरिहर उपाध्याय, मेघनाथ लमसालजीहरू। झापा आन्दोलनप्रति हाम्रो धारणा सकारात्मक बन्दै गयो। म, मणिलालजी र हरिहरजी तत्कालीन को–अर्डिनेसन केन्द्रमा सामेल भयौँ। केन्द्रमा हाम्रो प्रतिनिधित्व मणिलाल राईले गर्नुभयो। २०३२ असार २७ गते हामीले सिराहा–सप्तरी–उदयपुर संयुक्त जिल्ला कोकेको निर्माण गर्‍यौँ, जसको सचिवमा हरिहर उपाध्याय रहनुभएको थियो भने म, विनोद घिमिरे, राममणि पोखरेल, हिकबहादुर लुङ्गेली, मणिलाल राई, कुशेश्वर शाह, रामकृष्ण मोची सामेल थियौँ।

नेतृत्व पङ्क्ति भूमिगत जाने कुरा उठ्यो। हरिहरजीले स्वीकार गर्नुभएन। त्यसैले एक महिनापछि मणिलालजीलाई नै सचिव राखियो। मणिलालजी भूमिगत हुनुभयो। विनोद घिमिरेको घर धनुषा भए पनि सिराहामा भूमिगत हुनुभयो। निर्मला दिदी र विजया

घिमिरे पनि भूमिगत हुनुभयो। ईश्वरी आचार्य पनि भूमिगत हुनुभयो। जया घिमिरे पनि जनकपुरबाट सिराहा आई भूमिगत हुनुभयो। उत्तम महतो, चुनु महतो र विके झा पनि काठमाडौँबाट आई सिराहामा भूमिगत हुनुभयो। राममणिजीले उदयपुर जिल्लामा भूमिगत कामको सुरुवात गर्नुभयो।

मैले भर्खर आईए दोस्रो श्रेणीमा उत्तीर्ण गरेको थिएँ। २०३१ सालमा नेपाल सरकारबाट एग्रोनोमिस्टमा सात वर्षका लागि स्कलरसिपको माग गरिएको थियो। सर्टिफिकेटका आधारमा मेरो छनोट निश्चय नै हुन्थ्यो। तर नेताहरूले 'आफ्ना लागि काम गर्नुभन्दा जनताका लागि काम गर्नु राम्रो हुन्छ। तपाईंले मात्र सुख पाउनुभएको खण्डमा सम्पूर्ण जनताले मुक्ति पाउँदैनन्। त्यसैले क्रान्तिद्वारा सामाजिक परिवर्तन गर्नु तपाईंजस्तो युवाको काम हो' भन्दै रोक्नु भयो। त्यसलगत्तै भूमिगत भएँ।

भूमिगत जीवन साह्रै कठिन थियो। भूमिगत हुने बित्तिकै अम्बासका पूर्ण शाहीको घरमा आश्रय लिन गएँ। राती १२ बजे म र हिकबहादुरजी त्यहाँ पुग्यौँ। मणिजी त्यहीँ हुनुहुन्थ्यो। सानो घरभित्र एक छेउमा बाख्रा, एक छेउमा गाई र एक छेउमा हामीलाई सुत्ने ठाउँ थियो। वरिपरि बाख्राका बड्कुला र गाईका गोबर असरल्ल थिए। त्यहीँ थाकलको सुकुल ओछ्याएर सुत्यौँ। निद्रा के लाग्थ्यो ? तै थकाइ मार्‍यौँ। बिहानीपख हिकबहादुर हिँड्नुभयो। मणिजी पनि अर्कै आश्रयस्थलमा जानुभयो। दुई दिनपछि म त्यहाँबाट अर्को आश्रयस्थल मगरटोल हिँडेँ। मगरटोलमा नेमबहादुरजीको भान्सा घरको टाँडमा बस्ने ठाउँ थियो। २० जनाको संयुक्त परिवार। सबैको नास्ता खाना बनाउन बिहानैदेखि आगो बल्न सुरु गर्थ्यो। तल खाना पाक्थ्यो, माथि हामी पाक्थ्यौँ। मगरको घर, जाँड रक्सी पनि बनाउनुहुन्थ्यो। गर्मीको बेला हामीमाथि धूवाँको मुस्लो, आगोको राप दिनभरि नै परिरहन्थ्यो। जसरी पनि शरीरलाई अभ्यस्त बनाउनु पर्थ्यो। कहिले रात पर्ला भन्ने हुन्थ्यो। रात पर्ने बित्तिकै नित्यकर्मको लागि हतारहतार तल ओर्लिन्थ्यो र अलि आराम मिल्थ्यो।

यस आश्रयस्थलमा ईश्वर पोखरेल, झलनाथ खनाल लगायत धेरैजसो कमरेड पनि बसिसक्नु भएको थियो। गर्मीमा यसरी बित्यो भने जाडोको महिनामा लगलग काँप्दै अँगेनाको छेउमा परेर कुइँलिक्क परेर बित्थ्यो। पुसको महिना, एक्सन भएको इलाकाबाट शोभापुरको मुसहरी टोलमा जया कमरेडलाई लिएर जानुपर्ने भयो। गयौँ। मुसहरको बस्ती ओड्ने केही थिएन। रात कसरी बिताउने ? एकछिन त घुर तापियो। सुत्ने बेला जया महिला भएतिर जानुभयो। मलाई एक जनाले होचो घरभित्र लिएर पस्नुभयो। खरको छाएको घरमा प्वाल थिएन। थाकलको गुन्द्री ओछ्याउन दिनुभयो,

ओड्न पनि सुकुल दिनुभयो। सानो चुलोमा अलिकति खर राखेर आगो बालेर न्यानो बनाइदिनुभयो र ढोका लगाएर जानुभयो। म थाकेको थिएँ। एकछिन त निदाइहालेँ, एकछिनपछि निसासिँदै छटपटाउन थालेँ। पसिनाले त मेरो शरीर निथ्रुक्कै भिजेको रहेछ। धन्न बाँचेँ। ढोका खोलेर बाहिर निस्कें। केही केटाकेटी र बुढाबुढी घुर तापेर रात बिताइरहेका रहेछन्। मैले पनि त्यसरी नै रात बिताएँ।

कोकेको स्थापनापछि वर्गीय पार्टी निर्माण गर्न भूमिगत कार्यकर्ताको सबभन्दा मुख्य काम वर्ग आधारित अर्थात् भूमिहीन, गरिब एवं निम्नमध्यम किसानको घरमा बसी उनीहरूको दुःखसुखमा सहभागी भएर आश्रयको निर्माण गर्नु थियो। जनता, क्रान्ति र पार्टीप्रति आत्मत्यागको भावनाले प्रेरित भएर निस्वार्थ भूमिगत कार्यकर्ता बन्नु नै क्रान्तिकारी कहलिन्थ्यो। अलिकति पनि घर–परिवारको कुरा गऱ्यो कि स्वार्थी भनिन्थ्यो। सम्पूर्ण रूपले घर–परिवार त्यागेर हिँड्नु नै असल कार्यकर्ता कहलिन्थ्यो। भूमिगत कार्यकर्ताहरूले आफूसँग रहेका सम्पूर्ण बस्तु नगद, जिन्सी, सुन, घडी, पैसा पार्टीका लागि सुम्पने गर्दथे। सिराहामा कमरेड बीके झाले रोलेक्स घडी र कमरेड चुनु महतले नाकको फुली र कानको सुनको टप पार्टीलाई सुम्पनुभएको थियो।

शैक्षिक प्रमाणपत्रको कुनै महत्त्व राखिँदैनथ्यो। तिमी जति धेरै पढ्छौ, त्यति धेरै मूर्ख बन्छौ भन्ने उक्ति सुनाउँदै स्कुल–कलेज छुटाउँदै बुर्जुवा शिक्षा बहिष्कार गरी भूमिगत राजनीतिमा लागिन्थ्यो। यसरी पार्टी निर्माणको काममा सिराहा जिल्ला विष्णुपुर इलाकाका धेरै युवाले पढ्न छाडे। स्कुल जान छाडेर रेडगार्ड दस्तामा सामेल भए। कमल राई, तुलसी आचार्य, ज्ञानकुमार श्रेष्ठ, विनिता अधिकारी, लक्ष्मी फुयाल, सुभद्रा आचार्य, नेमबहादुर मगर, हिकबहादुर मगर, सरिता पोखरेल, सरिता मगर, विनिता श्रेष्ठ लगायत दर्जनौँ कमरेड यसरी आन्दोलनमा होमिए। राती हिँड्दा बत्ती बालेर हिँड्न नहुने। गरिबका घरमा कोठा हुँदैनथ्यो। एउटा मात्र कोठामै पकाउने, खाने, सुत्ने, बाख्राका पाठापाठी बाँध्ने, सबै एकै ठाउँमा हुन्थे। सबै जना लहरै सुकुल ओछ्याएर सुत्नुपर्ने। कहिलेकाहीँ बाख्राको बड्कुला र बाछाबाछीको गोबर सिरानी लगाएर सुतिरहेको कुरा भोलिपल्ट बिहान मात्र थाहा हुन्थ्यो। शारीरिक, भौतिक र मानसिक रूपले पनि दिनभरि घरभित्र बस्नुपर्ने, राती मात्र बाहिर निस्कन पाइने, बिहान झिसमिसेमै दिसापिसाब गरेपछि एक्कैचोटि राती मात्रै। १२–१५ घन्टा दिसापिसाब रोक्नु पर्ने। बिरामी परे कोपरा/टपरामा गर्नु पर्ने। नुहाउन त धेरै अनुकूल समय पर्खनु पर्थ्यो। शरीर र कपडामा जुम्राको भारी नै हुन्थ्यो। न रेडियो सुन्न पाउने, न पत्रिका नै पढ्न पाइने। नयाँ खबर बुझ्न कमरेड पर्खनु पर्ने। दुई–तीन महिनामा बल्ल कुनै कामरेडसित भेट हुँदा निकै जोश जाँगर भरिने गर्थ्यो। नेता–कार्यकर्ताहरूको व्यवहार, भेट र कुराकानी, हात

मिलाइ गरेको लाल सलामको अभिवादनले जनता एवं युवा कार्यकर्तालाई छ महिना, वर्ष दिनसम्म ठूलो ऊर्जा प्रदान गर्दथ्यो। कामरेड भेट्दा 'देउता' भेट भएजस्तो लाग्थ्यो। कामरेडहरूले राम्रो, मिठो र धेरै खाउन् र लगाउन् जस्तो लाग्थ्यो। आफूले नलगाएर, नखाएर कामरेडका लागि राखिन्थ्यो। अन्तिम गाँस कामरेडहरूले खाइदिंदा मन खुसी हुन्थ्यो।

आश्रयमा बस्दा मिठो–नमिठो, राम्रो–नराम्रो, मान, मर्यादा, पद, धनसम्पत्ति, उच–नीच कसैको मतलब हुँदैनथ्यो, मात्र जनता, क्रान्ति र पार्टीको हितबारे सोचिन्थ्यो। एकअर्कालाई माया गर, हेरचाह गर, मद्दत गर– यो नै मूलमन्त्र थियो। गल्ती–कमजोरी सच्याएर अगाडि बढ्न आलोचना/आत्मालोचनाको पद्धतिलाई नियमित लागू गर्नुपर्थ्यो। तेरो मेरो भन्ने निजी स्वार्थ केही थिएन। सामूहिक ढङ्गले सोचिन्थ्यो र गरिन्थ्यो। आफू मरे पनि जनता, पार्टी र क्रान्तिका लागि हिँड्ने कामरेड र साथीहरू नमरुन् भनेर कामना गरिन्थ्यो। आवश्यक परे सहिद हुन अग्रपङ्क्तिमा उभिने भावना रहन्थ्यो। हजुरआमा, बुवाआमा, दाजुभाइ जोसँग भेटे पनि कामरेडली व्यवहारसहितको लाल सलाम गर्दै हात मिलाउने गरिन्थ्यो। ७५ वर्षीय हजुरआमा मलाई भेट्न आश्रयस्थलमा आउँदा लाल सलाम गरी हात मिलाएको अहिले झलझली सम्झिरहेको छु।

दुःख र पीडाको अलिकति पनि चिन्ता हुँदैनथ्यो। सादा जीवन र उच्च विचारको भावना रहन्थ्यो। सबैको मन सफा रहन्थ्यो। कसैले कसैको खुट्टा तान्ने व्यवहार निषेध गरिन्थ्यो। कमरेड माधव नेपाल, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने लगायतका भूमिगत नेताहरूले खुट्टामा हवाई चप्पल पड्काउँदै झोला बोकी हाम्रा आश्रयहरूमा आई कैयौँपटक केटाकेटीका लागि राखिएका बासी भात, कोदोको सुख्खा रोटी खाएका कुराहरू हाम्रा लागि प्रेरणादायी थिए।

यसरी वर्गआधारित पार्टी निर्माण गर्न वर्गमै आश्रय लिनुपर्ने हुँदा जनतासँग एकाकार हुनका लागि आश्रयस्थलमा रहेका बखत भान्साको काम, केटाकेटीको हेरचाह र पढाइदिने काम, बुढाबुढी बाआमालाई सघाइदिने काम एवं आवश्यक र अनुकूल परिस्थिति भएमा खेतीबारीको काम, दाउरा चिर्ने गाई–बाख्रा चराइदिने काम गरिन्थ्यो।

शोषण–दमन, अन्याय–अत्याचार, जातीय विभेदको अन्त्य गर्दै वर्गविहीन समाजको स्थापना गर्ने महान् लक्ष्यका बारेमा जनता जगाउनु भूमिगत कार्यकर्ताको काम थियो।

## भोगाइका केही क्षण

सिराहा जिल्लामा तत्कालीन कोकेको कामको सुरुवात भएपछि विष्णुपुरकट्टी, पछि गुरुधाममा सेल्टर कायम गरिएको थियो। गुरुधाममा मुखियाजी भनिने एक जना व्यक्तिको नेतृत्वमा एक युनिटको गठन र उहाँको घरमा आश्रय लिएर पार्टी कामको सुरुवात गरिएको थियो। यसको अगुवाइ तोडकियाका रामकृष्ण मोचीले गर्नुभएको थियो। रामकृष्ण मोचीसँग शुभलाल राईले सम्पर्क गराउनुभएको थियो।

गुरुधामको कमिटी निर्माणपछि त्यस भेगमा क्रमशः पार्टी काम फैलिँदै गयो। गुरुधामको मगरटोल प्रमुख आश्रयस्थल बन्यो। प्रायःजसो सन्तलाल मगरको घरमा आश्रय लिइन्थ्यो। तर सम्पूर्ण टोलबासीको समर्थन प्राप्त थियो। त्यसरी नै गुरुधाम इलाकाका प्रायःजसो साना टोलहरूको पूर्ण समर्थन रहेको थियो। केही निश्चित घरहरू भने आश्रयस्थल बनेका थिए। जस्तै : कृष्णसिंह, श्याम तामाङ, शिवदयाल विक, राजकुमार सिंह, सत्तो शाह, जुगुत्लाल, राम, सम्झना थपलिया, चन्देश्वर ठाकुरका घरहरू। गुरुधाम इलाकामा बसेका बेलामा घटेका केही अविस्मरणीय घटनाहरू पनि छन्।

## सर्पबाट धन्न धन्न बाँचियो

म सत्तु शाहको घरमा आश्रय लिएर बसिरहेको थिएँ। साउन भदौको महिना थियो। युनिटको बैठक बोलाइएको थियो। सानो टुकी बालेर बसिरहेको थिएँ। घर अलि होचो थियो। मेरो शिरमाथि त ठूलो गोमन सर्प झुण्डिरहेको रहेछ। केही थाहा छैन, आफ्नै सुरमा बैठकका बारेमा सोचिरहेको थिएँ। एक्कासि रामजी कमरेड भित्र पस्नुभयो। पस्नेबित्तिकै कराउन थाल्नुभो। सर्प भित्रतिर अडेस लागेर तेर्सियो, रामजीले मलाई तानेर बाहिर निकाल्नुभयो। म बाँचेँ। सर्पलाई साथीहरूले मार्नुभो।

## आश्रयस्थलमा चोरी

म श्याम तामाङको घरमा आश्रय लिएर बसिरहेको थिएँ। हाम्रो युनिटको बैठक अरू नै घरमा हुने भयो। श्यामजीको घरको माथिल्लो तल्लामा झोला, रेडबुक, तीन लेख, पेकिङ रिभ्यु, चीन सचित्र, केही तिब्बत परिवर्तनका फोटोहरू, वर्ग सङ्घर्ष लगायत सामग्री राखी थोरै मात्र लिएर बैठकस्थल गएँ। राती तीन बजेतिर बैठक सकेर फर्कियौँ। आश्रयदाता श्यामजीका बुवा पनि मैसँगै हुनुहुन्थ्यो। तिर्खा लाग्यो, पानी मागेँ। गाग्री र लोटा त्यही तपाईं सुत्ने छेउमै छ, सारेर खानूस् न भन्नुभयो। मैले खोजेँ, भेटिनँ। आश्रयदाताले खोज्नुभयो, भेट्नुभएन।

म माथि चढें। किताब, झोला असरल्ल छन्। उहाँहरूको कपडा पनि असरल्ल छरिएको देखिन्छ। पछि बत्ती बालेर हेर्दा त भाँडाकुँडा केही छैनन्। बाकस फोडिएको रहेछ। केही सामान रहेनछ। हेर्दा त पछाडिबाट खनेर सबै कुरा लगेछ। बैठक सकेर कृष्णलाल सिंहजी घर फर्किनुभएको बाटोमा ती चोरहरूसँग जम्काभेट भएछ। कृष्णजीले 'चोर चोर' भनेर हल्ला गर्नुभयो। पक्रिनुभयो। तर वर्षाको बेला मकैको झोरका कारण कसैले थाहा पाएन। दुई जना चोर मिलेर कृष्णलालजीलाई छुराले कञ्चटमा हानेर भागेछन्। भोलिपल्ट पो गाउँमा सबैले थाहा पाए। यसरी हाम्रो बैठक छ भन्ने थाहा पाएर चोरले पनि चोर्ने बाटो खोज्दो रहेछ। कृष्णलालजीको घाउ दुई महिनापछि निको भयो।

**थालैसित भागाभाग**

गुरुधाममा सन्तलालजीको घरमा आश्रय लिएर बसिरहेको थिएँ। गाउँको माथिल्लो भागमा उहाँको गाउँ थियो। झुरुप्प एकै ठाउँमा गोलाकार रूपमा बसेको उक्त बस्ती मगर र तामाङको थियो। सबै घरहरू समर्थकको रूपमा थिए। सन्तलालजी मुख्य हुनुहुन्थ्यो। गाउँको तल्लो पुछारदेखि नै लालरक्षकको व्यवस्था गरिएको थियो। दलाल र प्रहरीहरू गाउँमा देखिनेबित्तिकै जानकारी प्राप्त भइहाल्थ्यो। सन्तलालकी बहिनी काली नामकी रेडगार्ड हुनुहुन्थ्यो। हाम्रो हेरचाह रेखदेख गर्ने। संयोगले उत्तम महत पनि राती आइपुग्नुभएको थियो। दिउँसो करिब ११ बजेको हुँदो हो, घरभित्र खान बस्यौँ। के खान मात्र सुरु गरेका थियौँ, एक्कासि काली कामरेडले पल्लो टोलमा प्रहरी आएको जानकारी दिनुभयो। प्रहरीहरू केही घरहरू घेर्दै र खानतलासी गर्दै आइरहेका रहेछन्। अब त त्यहाँबाट निस्कनुपर्ने भयो। गाउँको अन्तिम घर, छेउमै बाँसघारी, खोला र जङ्गल थियो। हामीलाई आश्रयदाता महिलाले लुगा ओडाइदिनुभयो र हामी खाँदाखाँदैको थाल हातमा लिएर बाँसघारीतिर लाग्यौँ। हाम्रो झोला र अन्य सामान सन्तलाल र कालीले मिलेर परालको टौवाभित्र लुकाएर राखिदिनुभएछ। हामी यसरी प्रहरीको हातबाट बच्यौँ। प्रहरी आएर खानतलासी गरे। सोधपुछ गरे, केही भेटेनन्, फर्केर गए।

**मदनको पत्ती र हनिफको घाउ**

२०३९ सालतिर हुनुपर्छ। कमरेड मदन र म राती बुडियाछाप पुग्यौँ। हामी कमरेड हनिफको घरमा बस्यौँ। जबकि बुडियाछापको त्यो मुसलमान गाउँ हाम्रो आश्रयस्थल नै थियो। त्यसैकारण त्यहाँ २०३८ सालमा पार्टी केन्द्रीय कार्यकर्ता भेला भएको थियो। हनिफले हामीलाई गोठमा रहेको मचानमा सुत्ने व्यवस्था मिलाउनुभयो र आफू घरको

सानो ओसरामा सुत्न जानुभयो। भदौ महिना, झरी परिरहेको थियो। धेरै झरी, अँधेरी रात। करिब रातको एक बजेतिर घरपट्टि निकै हल्लाखल्ला र रुन कराउन थाल्नुभयो। मैले सुनेँ। त्यो पुरानो सेल्टर भएकाले घरबाटो मलाई थाहा थियो। उठेँ र कुदेर गएँ। जाँदा त हनिफलाई ठूलो गोमन सर्पले पो हातमा डसेको रहेछ। अब के गर्ने ? झारफुक गर्न मान्छे बोलाउने भनेर गाउँलेहरू भन्न थाले। मैले हुन्न भनेँ। बिहान कमरेड मदनले दाह्री काट्दै गरेको मैले देखेको थिएँ। म दौडेर गोठमा गएँ र कमरेडलाई सर्पले डसेको कुरा सुनाएँ। बिहान दाह्री काटेको ब्लेड लिएर म दौडिएँ। उहाँको हातमाथि पाखुरासम्म सानो कपडाको डोरीले बाँध्न खोजेँ। मलाई रोक्न खोजे। तर मैले मानिनँ। जबरजस्ती हनिफको पाखुरासम्म कपडाको डोरीले बाँधेँ र सर्पले टोकेको ठाउँमा दुई तीन ठाउँ चिरिदिएँ र रगत बगाइदिएँ। अब साथीहरूलाई उहाँलाई गोलबजार लैजानूस् भनेर पठाइदिएँ। बाटामा पर्ने मन्दिरमा जानुभएछ। झारफुक गराउनु भएछ, झारफुक गर्ने धामीले अब केही हुँदैन बिष बगिसकेकाले मान्छे बाँच्छन् भनेर उनले पनि गोलबजार हेल्थपोस्ट पठाएछन्। यसरी सर्पको टोकाइबाट हनिफ बाँचे, तर उनको घाउ भने निको हुन छ महिना लाग्यो।

### असईलाई तीन लेख र रेडबुक पढाएर उम्किएँ

त्यतिखेर मैले सिराहा जिल्लाको दक्षिणी भेगमा आश्रय निर्माण गर्दै सङ्गठन विस्तार गर्ने जिम्मा पाएको थिएँ। भारतको बोर्डर छेउमा रहेका कजरा झिजोल गाउँका सूर्यनारायण यादवको घरमा आश्रय थियो। उनको घर गाउँको बीचमा थियो। आउजाउ गर्न अप्ठ्यारो परेको हुँदा अन्यत्र आश्रय बनाउनुपर्ने भयो। गाउँदेखि अलग रहेको डुम समुदायको घरमा आश्रय बनाउने सल्लाह गरियो र केही दिनपछि उनीहरूलाई सचेत बनाई आश्रयस्थल निर्माण गरियो। उक्त घरको मुली छठु डोम धेरै भद्र र इमान्दार थिए। उक्त घर गाउँदेखि अलि पर र 'सबैभन्दा तल्लो जात' भनिएको घर भएकाले त्यहाँ आश्रय लिएर सङ्गठन विस्तार गर्ने योजना थियो। परिवार ठूलो थियो। उनको घरभन्दा अलि पर चमार टोल थियो।

दिनभरि बाँसका चोयाले ढाकी, पङ्खा लगायत बनाउने र साँझपख सुँगुरको पाठा चराउन जाने, ती सामान बेच्ने वा चामलसँग साटेर ल्याउने। जति चामल साटेर ल्याएको हुन्छ, सबै एकैचोटि पकाउने र खान सके खाने, बाँकी रहेको भोलिपल्ट खाने, दुई दिनपछिसम्म खाइरहने उनीहरूको चलन रहेछ। साथै, कुनै भोज,मृत्यु र विवाह संस्कार लगायत समारोहहरूमा मानिसहरूले खाएर फ्याँकेको खाने कुराहरू लिएर आउने, केही राम्रो राख्ने र अरू सुँगुरलाई खुवाउने, राम्रो चिजहरू, खाने कुराहरू हप्ता

दिनसम्म पनि राखी खाने र हामीलाई पनि सोही खान दिने। कुनैकुनै खाने कुराहरू साह्रै अमिलो भइसकेको हुन्थ्यो। त्यही पनि भोकै बस्नुभन्दा खानु राम्रो सम्झेर खाइन्थ्यो। मान्छे मरेर डढाएको ठाउँमा ओड्ने लुगा, सुत्ने डसना फ्याँकिएका हुन्थे। राम्रा ओढ्ने सिरक–डसना त्यहीँबाट पनि ल्याउँथे, आफू पनि ओड्थे र हामीलाई पनि तिनै ओडाउँथे। प्रत्येक चोटि आउँदा उक्त सेल्टरमा डहरा सुँगुरको बच्चा मारेर खुवाउँथे। पाहुनालाई सत्कार गर्ने यस्तो चलन रहेछ।

बिनाकारण कोही पनि नआउने हुँदा र वर्गीय दृष्टिकोण पनि कायम रहने हुँदा उक्त घरमा आश्रय लिएर बस्नु क्रान्तिकारीपन हुन्थ्यो। वर्षौंसम्म उक्त घर हाम्रो पार्टी कार्यकर्ताको आश्रयस्थल बनिरह्यो। म प्रायःजसो उक्त सेल्टरलाई नै प्रयोग गर्दथेँ, जहाँ बस्न मलाई सजिलो हुन्थ्यो।

२०३३ भदौ महिनाको अन्त्यतिर पार्टी कामका सिलसिलामा भारतीय सीमा नजिक रहेको भारतकै लदनिया बजार हुँदै उक्त सेल्टरमा आउनुपर्ने थियो। बिहान ८ बजेतिर लदनिया बजारको नास्ता पसलमा नास्ता खान बसेँ। नास्ता खाँदै गर्दा एक जना ४०–४५ वर्षका जस् ता देखिने नेपाली व्यक्ति पनि मेरै नजिकै टेबलमा आएर बसे। चिया मगाएर चिया खाँदै मलाई सोध्न थाले– भाइ कहाँ जाने ? मैले लहान जाने जवाफ फर्काएँ, घर कहाँ हो भनेर सोधे। मैले चितवन भनेर जवाफ दिएँ। के काम गर्नुहुन्छ भनी सोधे। मैले म शिक्षक हुँ भनेँ। कहाँ भनेर सोधे, रामेछापमा भनेँ। रामेछाप कुन ठाउँमा भनेर सोधे मैले साँगुटार भन्ने जवाफ फर्काएँ। साँगुटारमा केही वर्ष पहिले एक–दुई महिना स्कुलमा पढाएको हुँदा केही जानकारी थियो। फेरि प्रश्न तेर्स्याए, हेडमास्टर को हो ? मैले कृष्णबहादुर बुढाथोकी भनेँ। अरू कसलाई चिन्नुहुन्छ भनेर सोधे। मैले दुई–तीन जनाको नाम बताएँ। त्यसपछि म नास्ता खाएर मूलबाटो छोडी खेतको आलीको बाटो हुँदै भारतीय बोर्डर क्रस गरेँ। जसरी पहिले पहिले हिँड्ने गर्थें।

बोर्डर क्रस गरेर नेपालभित्र प्रवेश गरेर हुलाकी सडकको बाटो हुँदै छट्टु डोमको सेल्टरतिर जाँदै गर्दा बाटामा बरियारपट्टि र जानकीनगरको बीचमा त्रिशूला नदी पर्दछ। त्यो नदी पार गर्दैगर्दा पछाडि केही मानिस आउँदै गरेको देखेँ। नदी पार गरेर अलि छिटो आफ्नो कदम बढाउन थालेँ। उनीहरू पनि छिटछिटो नदीमा जुत्ता नखोली तरेर आउन सुरु गरे। उनीहरूले लगाएका पोसाकबाट प्रहरी हुन् भन्ने बुझेँ। छिटोछिटो हिँड्दै गाउँ नजिक आएँ। संजोग मलाई चिन्ने एक जना मेरै गाउँले भेट भयो र दुई–तीन मिनेट अलमल्यायो। पछाडि आएका प्रहरीलाई मलाई वारेन्ट छ भन्ने कुरा ती व्यक्तिले सुनाइसकेका रहेछन्। त्यसपछि छिटोछिटो अगाडि बढेँ। गाउँ नाघिसकेपछि

उनीहरूमध्ये केही कुद्न थाले। म पनि कुद्न थालेँ। गाउँको पुछारमा रहेको आँपको बगैंचाछेउमा आइपुग्दा उनीहरूले मलाई समाते र झोला खोसे। मलाई दुई हात पछाडि फर्काएर बाँधेर हिँडाए।

खोक्सी जानकीनगर भन्ने त्यस गाउँको बीचमा एउटा चामल मिल थियो। त्यस मिलघरमा केही बर्दीधारी प्रहरी हतियारसहित बसिरहेका थिए। त्यसमध्ये बिहान भारतको लदनिया बजारमा चिया खाँदै मसँग गफ गर्ने व्यक्ति पनि रहेछन्। उनी त साँघुटार बजार नजिकै पर्ने ओखलढुङ्गाको कुवापानी घर भएका पूर्णबहादुर श्रेष्ठ नाम गरेका बरियारपट्टि थानाका असई पो रहेछन्। उनलाई देखेपछि म छक्क परेँ।

अब मलाई त्यहाँबाट बरियारपट्टि थाना हुँदै जिल्ला सदरमुकाम सिराहामा हाजिर गराउन लिएर हिँडे। त्यतिन्जेल करिब दिउँसो १२ बजिसकेको थियो। भदौको चर्को घामले गर्दा सबै असिनपसिन गर्दै हिँडिरहेका थियौँ। पहिले जुन नदी पार गरेका थियौँ, त्यही नदी छेउमा एउटा ठूलो पीपलको रुख थियो। घाम र तातो हावाले गर्दा त्यही रुखमुनि एकछिन बस्यौँ। कसैले मेरो भ्यागुते झोला खोलेर हेर्न थाले। झोलाभित्र रेड बुक, तीन लेख र वर्ग सङ्घर्ष थियो। मैले सबैलाई छहारीमा बसेका बेला तीन लेख र रेड बुकका कुराहरू पढाउन र सम्झाउन सुरु गरेँ। आधा घण्टाजतिको बसाइमा मैले रेडबुक र तीन लेखका कतिपय कुरा पढेर सुनाएँ। कसैले केही बोलेनन्। तर पनि मलाई जिल्लामा हाजिर गराउने नै भनेर लिएर हिँडे।

त्यतिखेर झापाबाट हरिदास राई नामका पुलिस इन्स्पेक्टर सिराहामा सरुवा भएर आएका रहेछन्। उनी साह्रै कडा छन् रे, झापामा धेरै दमन गरेका थिए रे भन्ने सुनेको थिएँ। त्यसैले यसै भएन, उसै भएन भन्ने सम्झेर प्रहरीलाई नै सम्झाएर फुत्किनु उपयुक्त सम्झिएँ र त्यसै गर्न सुरु गरेँ। म गरिबको हितका लागि हिँडेको हुँ। तपाईंहरू पनि गरिबकै छोराछोरी हुनुहुन्छ। गरिबको मुक्तिका लागि कम्युनिज्म आवश्यक रहेको छ, मलाई नछोडे हरिदास राई इस्पेक्टरबाट डीएसपी हुनेछन्, उनले ठुलो पदक पाउनेछन्। तपाईंहरूले केही पनि पाउनुहुन्न। तपाईहरू जस्ताको तस्तै रहनुहुनेछ। त्यसकारण बरु मलाई छाडिदिनुहोस्' भनेर निकै बेरसम्म सम्झाएँ बुझाएँ। उनीहरूले मान्ने छाँट देखाएनन्। साँझको ४ बजिसक्यो। हिँड्ने भन्छन्, सबै जना हिँड्न तयार छन्। तर हिँड्दैनन्। मलाई घेरेर बसेका छन्।

अन्त्यमा साँझको ५ बजेतिर उनीहरूमध्ये एक–दुई जना प्रहरी त्यहाँ बसी अरूहरू यत्रतत्र छरिन थाले। साँझ ६ बजिसकेको थियो। असईले आफ्नो ड्रेस फेरे र मलाई आफ्नो सुत्ने कोठामा बोलाए। मेरो झोलाभित्रका रेड बुक, तीन लेख लगायत पुस्तक

सबै खोलेर हेरिसकेपछि तीन लेखको भित्री भागमा ८५ रुपैयाँ राखेको थिएँ। मलाई केही दिनअघि गणेश विष्टले लेभी बापत १०० रुपैयाँ दिनुभएको थियो। जुत्ता किनेर बाँकी रहेको उक्त रकम त्यहीँ थियो। उक्त रकम र झोलामा भएका सबै सामान मलाई सुम्पिदै असई पूर्णबहादुरले भने– तपाईं गरिब जनताका लागि हिँड्नुभएको रहेछ, ल मैले छाडिदिएँ, अब जानूस्। साथै अबदेखि यो बाटो आउँदा कुनै झोला ल्याउनु पर्‍यो भने मलाई भन्नूस्, म ल्याएर यहाँ राखौँला र पछि तपाईंले लैजानुहोला। तर आफैँले झोला र सामान लिएर कहिल्यै नहिँड्नुहोला।' झमक्क साँझ पर्न लागिसकेको थियो। म हिँड्न खोजेँ। पख्नूस् भनेर रु ८५ रुपैयाँमा १५ थपेर १०० बनाई मलाई दिए। करिब एक घण्टाको बाटोसम्म मलाई पुर्‍याउन आए। राती १० बजेको हुँदो हो, विष्णुपुर कट्टीको नेमबहादुर मगरको सेल्टरमा आउँदा म गिरफ्तार भएको हल्ला चारैतिर फैलिसकेको रहेछ। मसँग जानकीनगर गाउँमा भेट भएका गाउँलेले सबैलाई भनिसकेका रहेछन्। कमरेडहरू लगायत घरपरिवार ज्यादै चिन्तित हुनुभएको रहेछ। मलाई देख्नासाथ सबै चकित हुनुभयो। मैले सबै वृत्तान्त सुनाएँ। त्यो घटना 'वर्ग सङ्घर्ष' मा समेत छापिएको थियो।

त्यसको ठिक दुई महिनापछि तत्कालीन कोकेको बैठक बस्ने भयो। केही कमरेडहरूलाई सोही बाटो हुँदै मैले नेपालभित्र प्रवेश गराउनुपर्ने भयो। लदनिया बजारको दिन निश्चित गरियो, किनभने बजारमा धेरै मान्छेको ओहोरदोहोर हुने हुँदा सजिलो हुनेथियो। केही साथीहरूलाई अगाडि पठाएँ, म भने सबैभन्दा पछि बसेँ। तिनै असईमाथि शङ्का गरेर म पछि बसेँ। छाता ओढेर कोल्टे पार्दै बजारबाट निस्किएँ। तर संजोग, उनी त लदनिया बजारको पान पसलमा रहेछन्। उनलाई देखेँ र छाताले छेकिन खोजेँ, तर उनले देखिहाले। नजिक आएर भने, 'अगाडि जाने पनि हाम्रा साथीहरू हुन्, ठिक छ तपाईंहरू अगाडि बढ्नूस्। हामी ४० हजार प्रहरी पनि बन्दुक ठडाइदिन्छौँ। तपाईंले डर मान्नु पर्दैन, तपाईंहरू जानूस्। म पनि तपाईंको साथमै छु।' यति भनिसकेपछि म झन् ढुक्क भएँ। कामरेडहरूलाई लिएर बैठक स्थलसम्म पुग्न सफल भएँ। सुरुमा ती असईमाथि शङ्का लागेको थियो– धेरै कामरेडहरूलाई समात्न मलाई छोडेको हो कि ? तर त्यो असत्य रहेछ। त्यसको केही महिनापछि म प्रहरी हिरासत लहानमा परेँ। मलाई दिएको यातना उनले हेर्न सकेनन्। मलाई तुरुङमा खुट्टा राखेर दुइटा हात पछाडि बाँधेर चिसो सिमेन्टमा राखिएको थियो। उनी राती आए, केही बेरसम्म हेरे। आँखाबाट आँसु चुहाए र फर्केर गए। प्रजातान्त्रिक व्यवस्थाको स्थापनापश्चात् २०५१ सालमा म सांसदमा निर्वाचित भएँ। सांसदमा निर्वाचित भएपछि आफैँ जान नसके पनि साथीहरूमार्फत उनलाई सम्झिँदै धन्यवाद पठाएको थिएँ।

## सखरखण्डको गाँस र खडुरको बास

भूमिगत कार्यकर्ताले इलाका छोड्न हुँदैनथ्यो। जसरी पनि तोकिएको इलाकाभित्र आश्रयको निर्माण गरी इलाकाभित्रै बस्नुपर्थ्यो। सिराहाको विष्णुपुरकट्टीमा २०३३ सालमा एउटा एक्सन भयो। एक्सनपछि साह्रै ठूलो प्रहरी दमन भयो। शङ्का लागेका र चिनिएका प्रत्येक घरमा प्रहरी खानतलासी गर्न थाले। युवाहरू पक्राउ पर्न थाले। मानिसहरू घर छोडेर हिँड्न थाले। अब कहाँ आश्रय लिने ? कसैले बस्ने ठाउँ नदिने भए। दमन तीव्र भयो। एकातिर पार्टीको नीति थियो– इलाका नछोड्ने, अर्कोतिर प्रहरीको तीव्र दमन अब के गर्ने ? मणिलालजीको घरदेखि ५ सय मिटर पर एउटा खडुर घारी थियो। जाडोको महिना थियो। खर काटेर सुकाइएको थियो। अब इलाकाभित्र बस्ने एउटा जुक्ति निकालियो। खरको ढेरीको बार चारैतिर लगाइयो र बीचमा दुई–तीन जना अट्न सक्ने ठाउँ राखियो। रातीराती पार्टी प्रचार र सम्पर्कका लागि गाउँमा जाने, प्रहरी आतङ्कको विरोधमा जनतालाई साहस दिने, निराश हुन नदिने, तीन लेख र रेडबुकमा लेखिएका कुराहरू पढाउने र उज्यालो हुने बेलामा खडुरमा बनाइएको आश्रयमा आउने। मणिजीको आमा इमपी राई र भाइ कमल राईले खानाका रूपमा घाँस काट्ने बहानामा सखरखण्ड, भात, चना लगायतका चिजहरू ढाँकीमा राखी हामीलाई ल्याइदिनुहुन्थ्यो। म मणिजी र पानवीरजी करिब नौ दिन त्यसरी बितायौँ। एकदिन म र पानवीरजी सुतिरहेका बेला एउटा गोमन सर्प त हाम्रो सिरानीमा बसिरहेको रहेछ। पानवीरजीले देख्नुभएछ र बिस्तारै सर्पलाई भगाउनुभयो। हामीलाई केही भएन। फेरि पनि सर्पबाट बाँचियो।

## प्रहरीको घेरा तोडी उम्कन सफल

२०३४ साउनमा संयुक्त जिल्ला कोकेको बैठक सिराहा जिल्लाको विष्णुपुर खुट्टीको दलमैमा आयोजना गरिएको थियो। बैठकस्थलमा संयुक्त जिल्ला कमिटीका सदस्यहरूमध्ये दुई जना आउनुभएको रहेनछ। हामी धैरै टाढाबाट हिँडेर आएको, थकाइ पनि लागेको र उहाँहरू पनि आइनपुगेका कारणले गर्दा भोलि बैठक गर्ने भनेर सुत्यौँ। बिहान ४ बजे हामी बसेको घरलाई प्रहरीले घेर्‍यो। मणिलाल राई टाँडबाट हाम फाल्नुभयो। असईले बन्दुकको कुन्दाले हानेर घाइते बनाई समाते। तल सुरक्षार्थ रहनुभएका हीराबहादुर र कमरेड छमानसिंह एवं आश्रयदाता हमान सिंहलाई पनि समाते। केही प्रहरी टाँडमाथि चढेर हामीलाई घिसारेर तल झारे। मणिलाल राई, हीराबहादुर, क्षमान सिंह र मलाई एउटै नाम्लोको बरियोले बाँधेर हिँडाए। बाटामा पर्ने सर्रे खोलामा थकाइ मार्न बसेका बेला केही गर्न सकिन्छ कि भन्ने सल्लाह गर्‍यौँ। परेवाभीर काटेपछि असई मनोज कार्की पिसाब फेर्न पछाडि बसे। एक्कासि घेराउ तोड्ने

योजना बनायौँ। सबभन्दा अगाडि बाँधिएका कमरेड मणिलालले डोरी चुडाएर पूर्वपट्टि जङ्गलतिर लाग्नुभयो। त्यसपछि हीराबहादुरले डोरी चुँडाउनुभयो र भाग्नुभयो। त्यसपछि छमान सिंहले चुडाएर भाग्नुभयो। म साह्रै कमजोर भएको हुँदा डोरी चुँडाउन सकिनँ। सबैजना भागिसकेपछि म डोरी लिएर पश्चिमतिर लागेँ। एकैछिनमा यी घटना भए। असई कार्कीले ठोक ठोक भनेपछि केही राउन्ड गोली चल्यो। क्षणभरमै हामी अलप भयौँ। भाग्दा डोरी लामो भएकाले बुटामा अल्झेर लडेँ र घुँडा फुट्यो। बिस्तारै उठेँ, डोरी बटुलेँ। त्यतिन्जेलसम्म म जङ्गलभित्र पसिसकेको थिएँ र नजिकै रहेको सिमलको रुखको फेदमा बाक्लो वनमाराको झ्याङको आड लागेर बसेँ। घुँडामा चोट लागेकाले चाँडो कुद्न सकिनँ। फायरिङ गर्दै प्रहरी मतिरै आए। केही फायरिङ गरेपछि गोली चल्न बन्द भयो। प्रहरी महिला कमरेडहरू पनि भाग्छन् भनेर सतर्क भयो। महिला कमरेडहरूलाई यातना दिँदै भागेका मान्छे कहाँ छन् भनेर सोधपुछ गर्न थाले। तर केही थाहा पाउन सकेनन्।

सिमलको फेदमुनि बसी बिस्तारै डोरी खोलेँ। घुँडाबाट रगत आइरहेको थियो। सर्ट खोलेँ। लुङ्गी खोलेँ र त्यही फेँदमा राखेँ। त्यत्तिकैमा एक जना प्रहरी म बसेको रुखको फेदको एक छेउबाट सङ्गीनसहितको राइफल मतिर तेर्स्याउँदै आइपुग्यो। त्यतिकैमा फेरि एक छेउबाट भालु पनि आइपुग्यो। अब पुलिसको भन्दा भालुको पो डर लाग्यो, किनभने भालुले गरेको खस्र्याक खुस्रुकको आवाजले कतै यहीँ रहेछ भनेर पुलिस आउने हो कि ? अब म बाँच्दिन भन्ने लाग्यो। रुखको फेँदमुनि बसेर मार्क्सवाद–लेनिनवाद र माओ विचारधारा जिन्दावाद भनेर मनमनै जप्न थालेँ, जस्तो कि अध्यात्मवादीहरूले मर्न लाग्दा रामरामको नाम जप्छन्। केही मिनेट त्यसरी जप्दै बसेपछि भालु पनि बाटो लाग्यो र प्रहरी पनि। यसपछि मलाई झन् मार्क्सवादप्रति अगाध आस्था बढायो।

एक घण्टापछि आफ्ना लुगाफाटा सबै त्यहीँ फेँदमुनि छाडी, चार हात–पाउ टेकी परेवाभीरको डाँडातिर लागेँ। डाँडामा पानी कतै थिएन। माथि चढेपछि यसो हेरेको तल खोलामा निकै धेरै प्रहरी आइसकेका रहेछन्। तिर्खाले व्याकुल हुन थालेँ। परेवाभीरको माथिको भीरमा सानो खाल्डो देखेँ। पानी होला भनेर उत्रिएँ, पानी त रहेछ तर धमिलो। प्यास मेटाएँ। माथि उक्लिन भने सकिनँ। धेरै प्रयत्न गर्दा पनि उक्लिन नसकेपछि त्यहीँ निदाएँछु। तीन–चार घण्टापछि जागेँ। मुस्किलले उक्लिएँ र डाँडाको रुखको फेँदमै बसेँ। तल खोलातिर हेरेँ, कोही देखिनँ। सरे खोला, कालापानी हुँदै मगरटोलको सेल्टरमा जान डुङडुँगे हुँदै कालापानी निस्किएँ। झिमिक्क साँझ परिसकेको थियो, घुँडा फुटेर हिँड्न सकेको थिइनँ। शरीर रगताम्य थियो। खेतमा पानी लगाउने एक जना वृद्धले मलाई चिने। मेरो नाजुक अवस्था देखे। केही बोलेनन्, तर अन्जानवश मलाई देखेको र मेरो

अवस्थाका बारेमा साँझमा घर आएर गाउँलेलाई सुनाएछन् । एक कान, दुई कान मैदान हुँदै मलाई देखेको कुरा प्रहरीको कानसम्म पुगेछ र भोलिपल्ट मेरा बुवा रेवतराज पोखरेल र ७५ वर्षका हजुरआमा एवं एकजना डाक्टर रहिम समेतलाई गिरफ्तार गरी लहान थाना पुऱ्याएछन् र कहाँ छ भनेर यातना दिएछन् । मेरा पिताजीलाई २७ दिन हिरासतमा राखी यातना दिए भने डाक्टर रहिमलाई दैनिक हाजिरीमा छाडिदिए । हजुरआमालाई भोलिपल्ट छाडिदिए । म भने त्यहाँबाट साँझमा कमरेड हिकबहादुर मगरको घरमा आएँ । सारा घटना सुनाएँ । उहाँकी श्रीमतीले जाउलो पकाएर खुवाउनुभयो । राती ११ बजे त्यहाँबाट हिँडेँ । जयपुर भन्ने गाउँको सिंघेश्वर महतोको घरमा पुगेँ । त्यहाँ कोदोको धेरिमाथि बसेको के थिएँ, बेहोस भएछु । तीन दिनपछि उठेँ । सोही दिन हाम्रो युनिटलाई भेट्न भनेर धनुषाका जगदेव कामरेड आउनुभएको रहेछ । मलाई मुक्ति मोर्चा कोकेमा सामेल भएको सर्कुलर दिनुभयो । उता हिकबहादुरजीले रुखको फेँदमा भएको मेरो लुगा र डोरी भोलिपल्ट गएर ल्याउनुभयो ।

जयपुर सिंघेश्वर महतोको घरको तीन दिनको बसाइपछि म त्यहाँबाट हिंडी बोर्डर नजिक रहेको पुरानो आश्रयस्थल छट्टु डोमको घरमा पुगेँ । त्यहाँ दुई दिन बसेपछि राती बोर्डर क्रस गरेर लदनिया जयनगर हुँदै जनकपुर र त्यहाँबाट बर्दिबास पुगेँ । बर्दिबासको छेउ हाथिलेटमा मेरी फुपू निर्मला पोखरेल भूमिगत कार्यकर्ताका रूपमा कार्यरत हुनुहुन्थ्यो । सो स्थानमा कमरेड ईश्वर पोखरेल समेत आउने गर्नुहुन्थ्यो । त्यहीँ सम्पर्क गरी सिराहामा भएको घटनाका बारेमा जानकारी गराएँ । करिब १५ दिनको बसाइपछि पुनः आफ्नै इलाकामा फर्किन लाग्दा लहानका असई मनोज कार्कीसहितका सादा पोसाकका प्रहरीले पुनः गिरफ्तार गरे । म त्यहाँ रहेको कुरा प्रहरीका सुराकीहरूले पत्ता लगाएका रहेछन् । मलाई लहान थानामा ल्याए, एक महिनासम्म चरम यातनाका साथ राखे र राजविराज कारागार पुऱ्याए । त्यहाँ मसँगै उम्कन सफल हुनुभएका कमरेड मणिलाल राई पनि हुनुहुँदो रहेछ । म छक्क परेँ । पछि बुझ्दा थाहा पाएँ– मणिजीलाई सप्तरीमै एक जना वामपन्थी भन्ने व्यक्तिको सुराकीमा सप्तरीबाट गिरफ्तार गरिएको रहेछ । अन्त्यमा त्यस समयमा तत्कालीन सिराहा–सप्तरी–उदयपुर संयुक्त जिल्ला कमिटीका सबै कमरेडहरू जेल पर्नुभयो र केही समयका लागि पार्टी तहसनहससमेत बन्न पुगेको थियो ।

२०३२ सालदेखि २०३८ सालसम्म यस जिल्लामा दीर्घकालीन एवं अल्पकालीन अवस्थाका लागि पूर्णकालीन भूमिगत जाने भूमिगत कार्यकर्ता हुनुहुन्थ्यो– मणिलाल राई, म, निर्मला पोखरेल, ईश्वरी आचार्य, जया घिमिरे, विजया घिमिरे, विनोद घिमिरे, रामकृष्ण मोची, राममणि पोखरेल, उत्तम महत, बीके झा, चुनु महतो, खुनारायण श्रेष्ठ, सुरेश कार्की, युवराज कार्की, राधा ज्ञवाली, रामलखन महतो, रामकरण महतो,

सत्यनारायण मण्डल, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, अशोक राई, सुशीला श्रेष्ठ, माधव नेपाल, डा. सरोज धिताल, उद्धव पौडेल, देवकी खरेल, बसन्त कुँवर, उदयबहादुर, वेदप्रसाद पोखरेल, पानवीर विश्वकर्मा, हीराबहादुर सुनुवार, राधा तिम्सिना, गिरिधारी मैनाली, जुगल महतो।

## कीर्तन गाउँदै आश्रयस्थल निर्माण

म तराईको मान्छे, पहाडका बारेमा त्यति जानकारी थिएन। अब सोलु, ओखलढुङ्गा, खोटाङको पार्टी कामको जिम्मा लिनुपर्ने भयो। २०३९ सालतिर हुनुपर्छ, अशोकजीले मलाई सोलु र खोटाङका केही सम्पर्क जिम्मा लगाउने हिसाबले लिएर हिँड्नुभयो। त्यतिखेर अशोक र सुशीलाको विवाहको बेला रहेछ। हामी चिसापानी, भोजपुर हुँदै अन्नपूर्ण भन्ने ठाउँमा पुग्यौँ। भोलिपल्ट अशोक र सुशीलाजीको विवाह भूमिगत शैलीमै सम्पन्न भयो। विवाहमा मलाई सम्झना भएसम्म म, राजेश बान्तवा, चित्र निरौला, हरि राई लगायत उपस्थित थियौँ, केहीलाई मैले चिनिनँ। भोलिपल्ट नै हामी त्यहाँबाट हिँड्यौँ। दिक्तेलतिर रतनछा भन्ने गाउँमा शिक्षक जङ्गबहादुर राई पार्टीको सम्पर्कमा हुनुहुँदो रहेछ। राती त्यहीँ बास बसियो। भोलिपल्ट दिक्तेल हुँदै ऐसेलुखर्कमा शिक्षक ईश्वरराज भण्डारीलाई भेट गर्दै सोलु सल्लेरीमा रहेका शिक्षक किरण पौडेललाई भेट्न भनेर हिँड्यौँ। दुई दिनको हिँडाइपछि बाटोमा पर्ने मुक्ली र नेलेमा जयकुमार राई र विष्णुराज भण्डारीलाई भेट्दै गयौँ। सोलुमा एक जना सम्पर्कित व्यक्तिलाई भेट्न निकै दुःख गरेर पुग्यौँ। बाटोमा पहिरोले पुरिएर झन्डै मरिएन। सिमसिम पानी परिरहेको थियो, हामी कुराकानी गर्दै हिँडिरहेका थियौँ। साना ढुङ्गा माथिबाट झरिरहेका थिए। कुराकानीका दौरान हामीमध्ये कसैले यदि माथिबाट ठूलो पहिरो आई हामीलाई पुऱ्यो भने कसैलाई थाहा हुँदैन र पार्टीका कमरेडहरूले उहाँहरू भाग्नुभयो भन्ने ठान्नुहोला कि भन्ने ठट्टा गरिरहेका थियौँ, अकस्मात् माथिबाट निकै ठूलो पहिरो झर्न थाल्यो। अगाडि रहनुभएका अशोकजी कुदेर पहिरो कट्नुभयो भने म पछि फर्केर कुदेँ। बीचमा ठूलै पहिरोले निकै बेर बाटो छेक्यो। साँझ झमक्क परिसकेको थियो। आधा घण्टा बसेपछि पछाडिबाट केही भरिया दाइहरू आउनुभयो। उहाँहरूसँगसँगै म पनि बाटो लागेँ। पहिरो काटियो। अनि भरिया दाइहरूले सुनाउनुभयो– 'तपाईंहरू त धन्नले बाँच्नुभयो, एक हप्ताअगाडि यही ठाउँमा दुई जना भरियालाई पहिरोले पुरेको थियो।' सुन्दा आङै सिरिङ्ग भयो। निकै रात बितेपछि हामी जुबु गोपाल गिरीजीकहाँ बास बस्न पुग्यौँ। उहाँका ७५ वर्षीय वृद्ध पिताजी धेरै जोशिलो हुनुहुँदो रहेछ। हामीलाई क्रान्तिकारी गीत गाएर सुनाउनुभयो। धेरै सत्कार गर्नुभयो। रात छिप्पिसकेपछि हामी सुत्यौँ। भोलिपल्ट बिहान सल्लेरीतर्फ लाग्यौँ। पार्टी सम्पर्क गरेर दिक्तेल हुँदै फर्क्यौँ।

सोलु, ओखलढुङ्गा र खोटाङको पार्टी सङ्गठन निर्माणको जिम्मा सगरमाथा अञ्चलमा पऱ्यो। जसको जिम्मेवार म थिएँ। धनकुटाबाट उदय बस्नेतजीलाई भूमिगत काम गर्ने कार्यकर्ताका रूपमा पठाइयो। उहाँलाई नै सोलु, ओखलढुङ्गा खोटाङको जिम्मा दिइयो। ओखलढुङ्गाको पूर्वी भेगमा सम्पर्क कम थियो। सोलुमा सल्लेरी, नेले र मुक्ली भन्ने स्थानमा एक/एक जना हुनुहुन्थ्यो। त्यसको तुलनामा खोटाङमा केही विद्यार्थी, शिक्षक, कर्मचारी हुनुहुन्थ्यो। उदय बस्नेतजीलाई लिएर सोलु, ओखलढुङ्गा, दिक्तेलमा सम्पर्क गराउँदै फर्कने क्रममा रतनछाका शिक्षक जङ्गबहादुर राईको घरमा राती बास बस्यौँ। भोलिपल्ट उहाँको परिवारले मकै र भटमास भुटेर झोलामा राखिदिनुभयो। हामीले बिहानै मकै र भटमास झानेको जाँडसँग खाएर हिँड्यौँ। दिक्तेलबाट चिसापानी हुँदै उदयपुर झर्नुपर्ने थियो। दिक्तेल र चिसापानीको बीचमा कुनै आश्रयस्थल थिएनन्। बाटामा कतै खाने मेलो भएन। पैसा पनि खासै थिएन। बाटामा बेच्न भनेर एक जना बुढीआमाले उसिनेको सिमलतरुल र स्कुस राख्नुभएको रहेछ। भएको पैसाले त्यही किनेर खाइयो। बाटो निकै लामो रहेछ। साँझ पर्न लागेको छ, बस्ने कतै ठाउँ देखिँदैन। त्यत्तिकैमा बाटाभन्दा अलि पर एउटा घर देखियो। अब जे होला, त्यहीँ गएर बस्ने भनेर दुइ भाइले सल्लाह गऱ्यौँ। कृष्ण तिवारी नाम गरेकी महिला बाहिर निस्किनुभयो। हामीले बास माग्यौँ। हुन्छ भन्नुभयो, झोला बिसायौँ। सोलुका शिक्षक हौँ, मधेस घर जान लागेको भन्यौँ। पिँढीजस्तो सानो मचानमा बास बस्न दिनुभयो। झमक्क साँझ परेपछि उहाँहरू बा, आमा, कृष्ण तिवारी, उनकी छोरी विद्या, बहिनी सीता सुवेदीले भजनकीर्तन गर्न सुरु गर्नुभयो। हार्मोनियम र मादल निकाल्नुभयो र बजाउन सुरु गर्नुभयो। म पनि अलिअलि हार्मोनियम बजाउने भएकाले कीर्तनमा सामेल भएँ। मैले हार्मोनियम बजाइदिएँ। भजन कीर्तन एक घण्टा गरेपछि गीत गाउने पालो आयो। अब के गीत गाउने ? सानी छोरी विद्या खोटाङ स्कुलमा कक्षा ६ मा पढ्दी रहिछन्। मैले पहिले उनलाई गीत गाउन लगाएँ। उनले त सामान्य प्रगतिशील गीत पो गाइन्। मलाई पनि गीत गाउने जाँगर चल्यो। मलाई त्यतिखेर ५२ वटा गीत कण्ठस्थ थियो। जेबी टुहुरेले गाउनुभएको 'आमा दिदीबहिनी हो' भन्ने गीत राम्ररी गाइदिएँ। सबैले ध्यानपूर्वक सुने र फेरि अर्को गीत गाउन लगाए। मैले दुई–तीनवटा गीत गाएर सुनाइदिएँ। रात निकै बितिसकेको थियो, गीत गाउने कार्यक्रम सकेर हामी खाना खाईवरी मचानमा सुत्यौँ। उहाँहरूले ओढ्ने ओछ्याउने दिनुभयो। थकाइ धेरै लागेको हुँदा भुसुक्कै निदाइयो। अरू एक–दुई जना बटुवा पनि हामीसँगै थिए। उनीहरू पनि त्यहीँ बास बसेका थिए। बिहान सबैरै हिँड्ने सुरसार गर्न थाले। हामी अलि ढिलै उठ्यौँ। हामीसँग तिर्नका लागि पैसा त छैन के गर्ने ? मुख धोएर, ताजा भएर झोला कसेर ती महिलानिर गएर बिदा माग्न हात यसो खल्तीमा हालेजस्तो के गरेका थियौं, हामीलाई त 'तपाईंहरू टाढाबाट

आउनुभएको, अहिलेको खाना खाएर मात्र जानुहोला' भनेर रोक्न खोज्नु भयो। ती महिलासँग धेरै राजनीतिक कुराकानी पनि भए। हाम्रो कुरा सुनेपछि दिउँसो ती महिलाले 'तपाईंहरू शिक्षक होइन, कम्युनिस्ट कार्यकर्ता हुनुहुँदो रहेछ। तपाईंहरू डराउनु पर्दैन। अबदेखि आउँदा नडराईकन मकहाँ बस्नुहोला र यहीँबाट पार्टी काम गर्नुहोला' भनेर पो भन्नुभयो। हामी अर्को दिन पनि त्यहीँ बस्यौँ। भोलिपल्ट हामीलाई खाजासहित पैसा दिएर पठाउनुभयो। त्यस दिनदेखि दियालेको त्यो सम्पर्क हाम्रो प्रमुख आश्रयस्थल बन्यो र त्यसले त्यस भेगको खोटाङ भेगको पार्टी कामलाई विस्तार गर्न ठूलो मद्दत गऱ्यो। ●